जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १८६ | २०७६ साल फागुन १० गते शनिबार (22 Feb. 2020 Saturday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : भ्रष्टाचार नियन्त्रण र ... ३ पृष्ठमा : सूचना प्रविधिसम्बन्धी ... ३ पृष्ठमा : कोरोना भाइरसबाट चीनमा ...

# तीन सय किलोको पितलको घण्टा स्थापना





**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

महा शिवरात्रीको अवसरमा राजविराज ७ हटियास्थित भुतनाथ महादेव मन्दिरमा ३ सय किलो वजनको पितलको घण्टा स्थापना गरिएको छ ।

मन्दिरमा भक्तजनले चढाएको भेटी तथा हटिया र नगरबासीहरु सित सहयोग संकलन गरी २ लाख २५ हजारको लागतमा घण्टा खरिद गरी स्थापना गरिएको भुतनाथ महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण साहले जानकारी दिए ।

हरेक वर्ष फागुन कृष्ण चतुर्दशीका दिन महा शिवरात्री पर्व मनाउने गरिन्छ । यस पर्वको अवसरमा सप्तरीको हरिनन्देश्वर महादेव मन्दिर, शम्भुनाथ मन्दिर, डाक्नेश्वरी मन्दिर, लालेश्वरनाथ मन्दिर, भुतनाथ महादेव मन्दिर, भजनेश्वर महादेव मन्दिर, अंकुरी महादेव मन्दिर लगायतका शिवालयमा दर्शन र पुजाआजा गर्ने भक्तजनको दिनभर नै घुईचो लागेको थियो ।

शिवालयहरुमा दर्शनार्थीको अत्याधिक चाप बढेपछि शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन गरिएको थियो भने दर्शनार्थीको चापका कारण सम्बद्ध मन्दिर व्यवस्थापन समितिले पनि स्वयसेवक परिचालन गरी भक्तजनलाई लाामबद्ध लगाएर पुजापाठको व्यवस्था मिलाएका थिए ।

भक्तजनहरु पवित्र नदीबाट जल ल्याएर हरहर महादेव र

*बाँकी अन्तिम पृष्ठमा*

# जेसीजद्वारा शिवरात्रीको अवसरमा गंगाजल, दुध, बेलपत्र र पुष्प वितरण




**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

महा शिवरात्रीको अवसरमा राजविराज जेसीजले शुक्रबार श्रद्धालु भक्तजनलाई गंगाजल, दुध, बेलपत्र र फूल वितरण गरेको छ ।

राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरमा पूजा गर्न आउने श्रद्धालु भक्तजनलाई विहानैदेखि जेसीजका पदाधिकारीहरुले ती पूजा सामाग्रि निशुल्क वितरण गरेका हुन् ।

*बाँकी तीन पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेबसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

# ब्रह्माकुमारीद्वारा प्रवचन तथा झाँकी




**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

ब्रह्माकुमारी राजयोग सेवा केंद्र राजबिराजले शिवरात्रि पर्वको अवसरमा प्रवचन तथा झाँकी निकालेको छ ।

ब्रह्माकुमारी राजयोग सेवा

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### फोहर हटाउन आफै सक्रिय होऔं

राजविराज नगर भित्रका विभिन्न फोहरहरु आफै हटाउन सक्रियता देखाउनु पर्ने भएको छ । नगर भित्रका फोहर दैनिकी रुपमा सरसफाई नहुँदा हामी नगरवासीलाई नै दुर्गन्धित बनाउनु पुग्छ । आफ्नो घर वरिपरिका फोहर हामी आफैबाट हुने भएकाले त्यसलाई हामी आफै हटाउन सक्रिय हुनुपर्छ । सबैले आ-आफ्नो घर वरिपरिका फोहर सफा गर्न सकेभने फोहर नै हुँदैन् ।

यता फोहर व्यवस्थापन गर्नका लागि नगरपालिकाले कर्मचारी राखेपनि समयमा नआउनाले फोहर जताततै फैलिनसक्ने सम्भावना समेत उत्तिकै छ । हुन त नगरपालिकाले फोहर व्यवस्थापनका लागि ड्याम्पीगं साइट तोक्न सकेको छैन् । जसकारण नगर क्षेत्र भित्र रहेको खाली ठाउँ वा खुल्ला ठाउँमा फोहर थुपार्ने गरिन्छ । यो समाधान होइन् । यसका लागि सीमित क्षेत्र तोक्नु जरुरी छ ।

नगरको फोहोर संकलन गरी एकत्रित रुपमा फँयाक्न नगरपालिका कार्यालयले गरेको प्रयास सराहनीय रहेपनि नगरबासी स्वयं नगरलाई फोहोरको दुर्गन्धबाट जोगाउन र विभिन्न किसिमका रोगबाट टाढा रहन यसतर्फ ध्यान पुर्‍याउनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# भ्रष्टाचार नियन्त्रण र सरकार



**अमरनाथ मण्डल**

देश, समाज, गाउँ नगरको विकाशीय गतिविधिहरु, सामाजिक गतिविधिहरु तथा अन्य विकाशीय गतिविधिहरुको संचालन र प्रगतिको लागि संचालित निकायहरुमा इमानदारताको खाँचोको सन्दर्भले नेपाल र नेपालीबीचको आर्थिक उन्नति लगायतको अन्य उन्नतिको बाधकको रुपमा भ्रष्टाचार सिद्ध भइरहेका छन् ।

नेपालमा अमुल परिवर्तनसँगै प्रजातान्त्रिक र प्रजातन्त्रको परिवेशमा संघीयता र गणतन्त्रको स्थापनासँगै नेपाली जनताले आमुल परिवर्तनको अनुभूति सार्थक सिद्ध हुने विश्वास लिएका थिए भने निरंकुश शासनहरुको विरुद्ध लडेका जनताहरु, जनमानसहरुको सपना, समृद्ध नेपाल, शान्त नेपाल विकाश परिवेश अगाडि बढ्ने परिकल्पनाका साथ गणतन्त्र नेपालमा नेपाली जनताले नयाँ अनुभूतिको आभासहरु संकेत पाउने आश गरेका थिए ।

राणा शासनकाल देखिनै पञ्चायती शासन र जनताको शासन प्रजातन्त्रमा पनि भ्रष्टाचारको न्यूनिकरणमा केही परिवर्तन नदेखिएको अवस्थामा राज्यको सम्पतिहरुलाई भ्रष्टाचार माध्यम निजि सम्पत्ति बनाउने तलिन रहेका भ्रष्टाचार अपराधीहरु अहिले पनि अधिकांश कानूनको परिधिबाट बाहिर देशलाई आर्थिक अवस्थामा खुक्लोपनको अवस्था बनाउन सफल भइरहेका छन् । देशमा राज्यका विभिन्न ओहोदाहरुमा आशिन रहेका जिम्मेवार व्यक्तिहरु कर्मचारीहरु, मन्त्रीहरुबाट विगतदेखि वर्तमानसम्म भइरहेका भ्रष्टाचारका अनुगमन र निरिक्षण गरी कानूनी कटघाडासम्म पुर्‍याउने निकायहरु समेत भ्रष्टाचारमा तलिन रहेको गर्दा भ्रष्टाचारको परिवृतिमा वृद्धि भइरहेको अनुमान भइरहेका छन् ।

अहिले भर्खरै नेपाली काँग्रेसका केन्द्रीय उपसभापति विजय गच्छेदार र नेकपाका राजिनामा दिएका पूर्व मन्त्रि गोकुल प्रसाद बाँस्कोटा जस्ता मन्त्रीहरु तथा देशका प्रमुख ओहोदामा आशिन रहेका सार्वजनिक पदधारण गरेका व्यक्तिहरुबाट समय समयमा भ्रष्टाचारको पोल खुल्ने गरेको यथार्थ सत्यलाई राज्य पक्षले वेवसता गरेको कारणले गर्दा भ्रष्टाचार जस्तो गम्भिर प्रवृतिका अपराध गर्ने प्रोत्साहित हुन्छ ।

साना कर्मचारीदेखि सचिव स्तरसम्म स्थानीय निकायदेखि मन्त्रालयका मन्त्रीसम्म भ्रष्टाचारको गतिविधिमा तलिनरहेको अवस्थामा कर्मचारीहरु तथा मन्त्रीहरुको भ्रष्टाचार जस्तो अपराधको छानविन गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई राज्य पक्षले चुस्तदुरुस्त तथा प्राविधिक दक्ष जनशक्ति र खुल्ला परिवेशको वातावरण नबनाएका कारणले गर्दा अहिले पनि कतिपय योजनाहरुमा योजना कार्यान्वयन हुनु सन्दर्भमा नै भ्रष्टाचार भइरहेको तथ्यहरु दिनप्रतिदिन सार्वजनिक भइरहेको सन्दर्भ लिएर अख्तियारमा पनि सक्रियताको खाँचो देखिएको छ। स्थानीय निकाय कर्मचारी र मन्त्री समेतले केही अवसरवादीहरुको कारणले गर्दा भ्रष्टाचार फस्टाइरहेका छन् ।

राष्ट्रको सेवा गर्ने कर्मचारीहरु सबै एकैखालका एकै प्रवृतिका नहुनु पर्ने अवस्थाको सिर्जना भइरहेको छ भने राज्यमा इमानदार कर्मचारी तथा सरकारी ओहोदामा बसेका इमानदारी, जवाफदेहिता बोकेका मन्त्रीहरु समेत रहेको अवस्थामा सबै एकैखालको एक प्रवृतिको हुनु कुनै तथ्य पनि नरहेको देखिन्छ । तर देशको आर्थिक परिधिलाई तहसनहस पार्ने काम भ्रष्टाचारले गरिरहेको सन्दर्भमा हाम्रा छिमेकी मुलुकहरुमा भ्रष्टाचार गर्ने पूर्व राष्ट्रपति देखि पूर्व प्रधानमन्त्रीसम्मलाई कानूनी कटघारामा उभाई त्यहाँका सरकारले कठोर सजायको भागेदारी बनाएका तथ्यहरु सार्वजनिक भइरहेका छन् । विकाशीय पथको बाधकको रुपमा भ्रष्टाचार गर्ने व्यक्तिहरु तथा भ्रष्टाचार हुने निकाय देशको ठुलो शत्रुको रुपमा देखा परिरहेको अवस्थामा भ्रष्टाचार गर्ने प्रवृतिको अन्त्यको लागि राज्यको शासन प्रणालीमा शासकहरुले आफुबाटनै भ्रष्टाचारी विरुद्धको अभियानलाई सार्थक सिद्ध गर्नुपर्छ ।

प्रजातन्त्र स्थापना पश्चात मन्त्रीस्तर तथा नेता स्तरबाट भइरहेको भ्रष्टाचारहरुलाई लुकाउने प्रवृतिको वृद्धिमा ठुलो रुपमा सार्थकता पाइरहेको सन्दर्भदेखि राज्यका जिम्मेवार राजनीतिक दल तथा सो दलका नेताहरुले निर्वाचनको बेला भ्रष्टाचारको अन्त्यको सवालहरुमा चर्को भाषण तथा नारावाजी गरी जनताको मतलाई सञ्चय गर्न सफल भइरहेको सन्दर्भले त्यही नारा गर्ने त्यही नाराको विरोधमा आफ्ना पार्टीका नेताहरुलाई सरकार तथा सरकार संचालन गर्ने मुखियाहरु भ्रष्टाचारीहरुलाई बचाउने उन्मुखमा लागि परेको सन्दर्भहरुपनि कम छैन ।

संघीयताको परिवेशमा स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारका प्रमुख ओहोदामा बसेका जिम्मेवार व्यक्तिहरु राज्यबाट पाएका सुविधाको गलत व्याख्या गरी गलत बाटो अख्तियार गरी सुविधालाई गलत ढंगबाट खर्च गरी राज्यको आर्थिक स्थितिलाई ह्रास पर्ने काम गरिरहेको सन्दर्भमा अनुगमण र निरिक्षणको अभावको अनुभूतिको कारण भ्रष्टाचारीहरुको मनोवलमा ठुलो वृद्धि भइरहेको सन्दर्भले गर्दा भ्रष्टाचार फस्टाइरहेको देखिन्छ ।

भ्रष्ट र भ्रष्टाचार गर्ने व्यक्तिलाई सजायको भागेदारी बनाउन सबै पक्षको नैतिक जिम्मेवारी रहेकोले गर्दा जनताको करबाट आएका पैसालाई भ्रष्टाचार गरी अपराध गर्नेलाई खबरदारी गर्नुपर्ने अवस्थाको सिर्जना हुन्छ । यो नैतिकता सबै नेपाली जनतामा रहनु पर्ने अवस्थामा आफ्नो विकाशको लागि आएको बजेटसँग कुनै किसिमको गलत सम्झौता नगरी आफ्नो विकाशको गतिलाई तद्रुपता दिनको लागि सबै पक्षले सक्रिय भूमिका खेल्नु पर्ने अवस्था देखिन्छ ।

भ्रष्टाचार हुने बित्तिकै भ्रष्टाचारको आभास आएबित्तिकै भ्रष्टाचार निवारण गर्ने निकायहरुमा जानकारी दिई भ्रष्टाचारलाई निरुत्साहित पार्ने काम सबैको रहेको छ । देशमा एकमत भ्रष्टाचार गर्ने प्रमुख संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानविन प्रक्रियालाई तदरुपताको साथ जनशक्ति बढाई विकाशीय निर्माण कार्यहरुलाई अनुगमण र निरिक्षण गर्नुपर्ने अवस्थाको सिर्जना हुने आवश्यक देखिन्छ । नत्र नेपालमा आर्थिक स्तरको ठुलो ह्रास हुने मनोस्थितिमा पुग्ने सम्भावना झन बढेर जाने छ । त्यसैकारण सबै मिलि भ्रष्टाचारलाई देश, समाजबाट उन्मुलन गर्नुपर्ने सबैको सहयोग अपरिहार्य देखिन्छ ।

# सेना दिवसमा जनतासँग मैत्रीपूर्ण फुटवल

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सेना दिवसको अवसरमा शुक्रबार राजविराजमा जनता र नेपाली सेना विच आपसी सम्बन्ध अझ प्रगाढ बनाउने उदेश्यले भिमदल गणले मैत्रीपूर्ण फुटवल खेलको आयोजना गरेको छ ।

स्थानिय राजरंगशालमा शुक्रबार राष्ट्रिय सेवक कर्मचारी ११ तथा जिल्ला फुटवल संघ एवं सप्तरी जिल्लाबासीको संयुक्त टिम सप्तरीबासी ११ बिचको मैत्रीपूर्ण फुटवल प्रतियोगिताको आयोजना गरेको हो ।

उक्त मैत्रीपूर्ण खेलमा सप्तरीबासी ११ टिमले राष्ट्रिय सेवक कर्मचारी ११ लाई टाईब्रेकरमा ४-३ गोल अन्तरले पराजित गर्दै विजयी भएका छन् । निर्धारित समय सम्म दुवै टिमबाट १-१ गोल भएर खेल बराबरीमा टुंगिएपछि टाईब्रेकर प्रणालीबाट खेलको छिनोफानो गरिएको थियो ।




प्रतियोगिता समाप्ती पछि पुरस्कार वितरण गर्दै गणका प्रमुख सेनानी गुप्त बहादुर कुँवरले मैत्रीपूर्ण खेल आयोजनाको मुख्य उद्देश्य नै सेना र आम जनताबिचको सम्बन्ध अझ प्रगाढ बनाउनु रहेको बताए ।

दिवसको अवसरमा गणले बृक्षारोपण, रक्तदान, सचेतना मुलक सांस्कृतिक कार्यक्रमको आयोजना समेत गरिएको थियो ।

# सूचना प्रविधिसम्बन्धी विधेयक सुधार गर्नुपर्ने माग

काठमाडौं, ९ फागुन (रासस)।

नेपाल पत्रकार महासङ्घले संसदीय प्रक्रियामा रहेको मिडिया काउन्सिल र सूचना प्रविधिसम्बन्धी विधेयक सुधार गरेर मात्र अगाडि बढाउनुपर्ने माग गरेको छ।

मिडिया काउन्सिल विधेयकसम्बन्धी महासङ्घले उठाएका विषय आंशिक सम्बोधन भए पनि काउन्सिलको स्वायत्तता लगायतका विषयमा थप सुधारको आवश्यकता औंल्याइएको छ। महासङ्घका केन्द्रीय समितिको उपलब्ध पदाधिकारी तथा सदस्यको बिहीबार सम्पन्न बैठकले ती विधेयकको पछिल्लो अवस्थाका बारेमा समीक्षा गर्दै सूचना प्रविधिसम्बन्धी विधेयकका सम्बन्धमा महासङ्घले उठाएका विषय सम्बोधन हुनेगरी दबाब सिर्जना गर्ने निर्णय गरेको छ।

कार्यवाहक अध्यक्ष विपुल पोखेलको अध्यक्षतामा बसेको सो बैठकले सञ्चारसम्बन्धी अन्य विधेयक अघि बढाउँदा सरोकारवाला पक्षसँग छलफल गर्नसमेत सरकारसँग आग्रह गरेको छ। "सञ्चारमाध्यममा प्रकाशित समाचारका सम्बन्धमा चिनियाँ दूतावासले सम्पादक र सञ्चारमाध्यमविरुद्ध धम्कीपूर्ण विज्ञप्ति जारी गरेकोप्रति महासङ्घले गम्भीरतापूर्वक लिँदै सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ", महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

महासङ्घले सञ्चारमाध्यमले समाचार सामग्री सम्प्रेषण गर्दा आचारसंहिताको पालना गर्न र संवेदनशील विषयमा समाचार संप्रेषण गर्दा थप ख्याल पुऱ्याउन पनि आग्रह गरेको छ। सञ्चारगृहभित्र सम्पादन विभागीय स्वतन्त्रताको सुनिश्चितताका लागि पहिलेदेखि नै आवाज उठाउँदै आएको महासङ्घले सञ्चारगृहमा सम्पादकीय विभागको स्वतन्त्रतालाई जोड दिएको छ।

श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनका सन्दर्भमा महासङ्घले चलाएको दबाब र अनुगमनलाई थप प्रभावकारी ढङ्गबाट अघि बढाउने निर्णय गरिएको छ। महासङ्घले सूचना तथा प्रसारण विभागमा श्रमजीवी पत्रकार तथा कर्मचारीको विवरण सबै सञ्चारमाध्यमलाई बुझाउन र दरबन्दी यथाशीघ्र बुझाउने वातावरण निर्माण गर्न सूचना तथा प्रसारण विभागलाई दबाब दिने निर्णय गरेको छ। महासङ्घले ठूलो सङ्ख्यामा पत्रकार प्रेस पासविहीन अवस्थामा भएकाले प्रेस पास नवीकरण सहज बनाउन पहल गर्नुका साथै पछिल्लो समय पत्रकार असुरक्षित देखिएको र पत्रकार स्वनियन्त्रणमा रहेकाले सुरक्षामा ध्यान दिन सरकारसँग माग गरेको छ।

# स्वास्थ्यकर्मीको आन्दोलनले खोप कार्यक्रम प्रभावित

सर्लाही, ९ फागुन (रासस)।

हरिपुर नगरपालिकाअन्तर्गत रहेका पाँच स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मचारीलाई नगरपालिकाले फिर्ता गरेको भन्दै स्वास्थ्यकर्मी आक्रोशित बनेका छन्। नगरपालिकाअन्तर्गत रहेका स्वास्थ्य संस्थामा सरुवा भई आएका तथा समायोजनमा परेका २० स्वास्थ्यकर्मीलाई नगरपालिकाले पत्र काटेर फिर्ता बोलाएको भन्दै उनीहरु आक्रोशित भएका हुन्।

नगरपालिकाले आवश्यक तलबभत्ता दिनसक्ने अवस्था नरहेको भन्दै आफूहरुलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा फिर्ता गरेको हरिपुर प्राथमिक स्वास्थ्य केन्द्रका सुनिलकुमार ठाकुरले बताउनुभयो। त्यसैगरी लक्ष्मीपुर, फरहदवा, पिडारी, जानकीनगर गरी पाँच स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई नगरपालिकाले आफ्नो खुशीले मन्त्रालयमा फिर्ता गरेको हो। समायोजन भएर आएका स्वाथ्यकर्मीलाई हाजिर गराइसकेको भए पनि पछि कर्माचारी बढी भएका भन्दै स्वास्थ्यकर्मीले आक्रोश व्यक्त गरेका हुन्। साथै नियमसङ्गत समायोजनसमेत नभएको उनीहरुको भनाइ छ।

पहिलादेखि नै नगरपालिकामै काम गरिरहेका र समायोजनसमेत नगरपालिकामा नै भएका स्वस्थ्य कर्मचारीलाई समेत फिर्ता पठाएको उनीहरुको आरोप छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आर्थिक प्रशासन शाखालगायतलाई बोधार्थ भनी लेखिएको पत्रमा नगरपालिकाका नगरप्रमुख जमरुद्दिन मन्सुरले हस्ताक्षर गर्नुभएको छ।

नियमसङ्गत नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले फिर्ता पत्रमा हस्ताक्षर गरेको पत्र भए आफूहरुले स्वीकार गर्न सक्ने स्वास्थ्यकर्मीको माग छ। आफूहरु बाहिरबाट सरुवा भएर तथा समायोजन भएर आएको तर तीन/चार महिनासम्म तलबभत्ता खुवाएर पछि फिर्ता गरिनुको कारणसमेत आफूहरुले माग गरेको हेल्थअसिष्टेन्ट निभा यादवले बताउनुभयो।

आफूहरुलाई गोप्य तरिकाबाट चिठ्ठी बुझेको हस्ताक्षर गराएर पत्र बुझाएको उनीहरुको भनाइ छ। फिर्ता पठाउने कुन नियमअन्तर्गत भएको हो भनी सोध्दा नेपालमा नियमसङ्गत कुनै पनि काम नहुने नगरप्रमुख मन्सुरले जवाफ दिएको उनीहरुको भनाइ छ। विष्णु गाउँपालिकामा समायोजन भएर जानुपर्ने दुई जनालाई चिठ्ठीसमेत तयार पारेर पनि नगरपालिकाले रोकेर राखेको प्रति उनीहरुले जिज्ञासा राखेका छन्।

नगरपालिका स्वास्थ्य शाखा प्रमुख विकाउ महतोले यो विषयमा आफूले कुनै कुरा बोल्न नमिल्ने बताउनुभयो। आफू स्वास्थ्यचौकी प्रमुख भए पनि बिहीबारदेखि हाजिर नगर्न फिर्ता पत्र आएकाले आफूले बुझाउनुपर्ने बरबुझारत कहाँ गर्ने भन्ने अन्योलता रहेको राम कैलाश महतोले बताउनुभयो।

सरुवा-बढुवा तथा नियुक्ति गर्ने अधिकार आफ्नो भए पनि फिर्ता गर्ने अधिकार आफ्नो नभएका कारण आफूले फिर्ता पत्रमा हस्ताक्षर नगरेको र नगरप्रमुखले हस्ताक्षर गरेको प्रमुख प्रशासकीय अधिकृत उदयप्रसाद देवकोटाले बताउनुभयो। सङ्घीय सरकारसँग समेत चार/पाँच महिनामा कर्मचारी फिर्ता गर्ने कुनै नियम कानून नरहेको उहाँले बताउनुभयो। स्वास्थ्यकर्मीको आन्दोलनका कारण नेपाल सरकारको नियमित खोप कार्यक्रमसमेत प्रभावित भएको छ।

***जेसीजद्वारा ...***

यता विहानैदेखि शिवको पूजा गर्न आएका श्रद्धालु भक्तजनहरुलाई सहज व्यवस्था मिलाउन जेसीजले स्वयमसेवकको भूमिका समेत निर्वाह गरेको थियो।

राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवालको नेतृत्वमा सम्पूर्ण पदाधिकारी सहभागी कार्यक्रममा पूर्व अध्यक्षहरु शंकर शारदा, मिलन सिंहसहित पूर्व पदाधिकारीहरुको समेत उपस्थिती रहेको थियो।

***ब्रह्माकुमारीद्वारा ...***

केंद्र राजबिराज क्षेत्रकी मुख्य संचालिका ब्रह्माकुमारी भगवती दीदीको अध्यक्षता तथा राष्ट्रिय सभाका सदस्य मृगेंद्र कुमार सिंह यादवको प्रमुख आतिथ्यमा प्रवचन कार्यक्रम सम्पन्न भएको हो।

सो कार्यक्रममा बोल्दै राष्ट्रिय सभा सदस्य यादवले परमपिता परमात्म शिव बाबाको स्मरण सधै गर्नुपर्ने बताउँदै सबैले सकारात्मक बन्नुपर्ने प्रति जोड दिए।

त्यस्तै प्रदेश सभा सदस्य मनीष कुमार सुमनले सबैको भलो गर्ने भोलेनाथ परमात्म शिवलाई अफ्नो हरेक कर्म गर्दा याद गर्नु पार्ने र अफ्नो अभिमान त्यागी भगवानको सरनमा एक दिन सबैलाई आऊनुपर्ने कुरा बचाए।

ब्रह्माकुमारीद्वारा संचालित कार्यक्रममा समाजसेवी हरी सिंह, मधुसुदनलाल देव, ब्रह्माकुमारी रंजु, ब्रह्मकुमार दीपक, सागर नारायण राजबहाकले शुभकामना मन्तव्य दिएका थिए।

प्रवचन कार्यक्रम पश्चात् शिवशंकरको चेतनीय झाँकी तथा बाजागाजासहित नगरका मुख्य मुख्यस्थानहरुको परिक्रमा गरिएको थियो।

# चल्लासहित ट्रक नियन्त्रणमा

लहान, ९ फागुन (रासस)।

प्रहरीको गस्ती टोलीले अवैध कुखुराको चल्लासहित मिनीट्रक नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले गए राति गोलबजार नगरपालिका-४१ बाट करिब रु एक लाख ४१ हजार १२० मूल्य बराबरको करिब दुई हजार अवैध चल्लासहितको ट्रक नियन्त्रणमा लिएको हो।

बा २ च ३५४१ नम्बरको मिनी ट्रकबाट चल्ला ल्याइरहेको गोप्य सूचनाको आधारमा सो ट्रकलाई नियन्त्रणमा लिइएको र आवश्यक कारवाहीका लागि जिल्ला भन्सार कार्यालय पठाउन लागिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो।

यस्तै प्रहरीको टोलीले सिरहाको लहान नगरपालिका-१६ तरेगना गोविन्दपुरस्थित मगरटोलमा चार हजार लिटर कच्चा घरेलु मदिरा नष्ट गरेको छ। इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले एक हजार तयारी मदिरा नष्ट गरेको प्रहरी निरीक्षक सुमित कुशवाहाले जानकारी दिनुभयो।

# पोखरीमा बालक मृत फेला

**दैनिक समाचारदाता**

**सिरहा, ९ फागुन।**

सिरहाको कल्याणपुर ३ इटारी पर्साहीमा शुक्रबार एक बालक पोखरीमा मृत फेला परेका छन्।

सिरहाको कल्याणपुर नगरपालिका ३ इटारीपर्साही निवासी राजकुमार मण्डलका तीन वर्षीय छोरा आयुष गाउँकै पोखरीमा मृत फेला परेका हुन्।

छिमेकीको विवाह बिहीबार राति हेर्न गएका आयुष कतिखेर हराएको भन्ने यकिन नभए पनि शुक्रबार बिहान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिएका छन्। यता घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## विश्व समाचार

# कोरोना भाइरसबाट चीनमा मृत्यु हुने व्यक्तिको संख्या दुई हजार २०० भन्दाबढी

बेइजिङ, ९ फागुन (रासस/एपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार २३६ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीले शुक्रबार जनाएका छन्।

गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान सहरबाट शुरु भएको यस भाइरसका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या वृद्धि भए तापनि सङ्क्रमितको सङ्ख्यामा भने कमि आएको चिनियाँ सरकारले जनाएको छ।

शुक्रबार प्राप्त एक समाचारअनुसार यस भाइरसबाट चीनभरीमा मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार २३६ पुग्नुको साथै ७५ हजार ५७६ व्यक्ति सङ्क्रमित भएका छन्।

भाइरसको शुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुवेई प्रान्तमा यस भाइरसबाट बढी नागरिक प्रभावित छन्। यस भाइरसबाट ८० प्रतिशत सङ्क्रमित र मृत्यु हुने व्यक्तिमा ९५ प्रतिशत हुबेई प्रान्तको रहेका समाचारमा जनाइएको छ।

# चिनियाँ जेलमा पनि देखियो कोरोना भाइरसको संक्रमण

बेइजिङ, ९ फागुन (रासस/एएफपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार नाघेको समाचार आइरहँदा यता चिनियाँ स्वास्थ्य अधिकारीले यहाँका कारागारमा पनि यसको सङ्क्रमण देखिएको बताएका छन्।

शुक्रबार चिनियाँ अधिकारीले जनाएअनुसार चिनियाँ कारागारमा रहेका करिब ४०० सय व्यक्ति कोरोना भाइरसबाट सङ्क्रमित भएको पाइएको हो।

यस प्राणघातक रोगको सङ्क्रमण रोक्ने प्रयास चिनियाँ अधिकारीले खोजिरहेका बेला थुनामा रहेका व्यक्तिसमेतमा यस्तो अवस्था पाइएको खबरले यस महामारीको विषयमा चिनियाँ अधिकारीले चिन्ता व्यक्त गरेका छन्।

चीनको पूर्वीभागमा रहेको शाङ्डोङ प्रान्तमा रहेको रेन्चेङ कारागारमा सातजना सुरक्षागार्ड र २०० कैदीमा कोरोना भाइरसको सङ्क्रमण देखिएको प्रान्तीय स्वास्थ्य आयोगले शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको बताइएको छ।

कारागार प्रशासनका निर्देशक वू लेईले शुक्रबार सार्वजनिक भएको यो नयाँ घटनाले रोकथाम र नियन्त्रणका उपायको कार्यान्वयन प्रभावकारीरुपमा अघि बढ्न नसकेको देखिएको बताउनुभएको छ।

यस्तै चीनको पूर्वीप्रान्त झेजिङको शिलिफेन जेलमा पनि ३४ जनामा सो भाइरसको सङ्क्रमण देखिएपछि सो कारगाराका निर्देशकले जानकारी दिएका छन्।

गतवर्ष अन्त्यमा भाइरस देखापरेको मध्यप्रान्त हुबेईको कारागारले बिहीबार २७१ कोरोना भाइरसको थप सङ्क्रमण देखिएको बताइएको छ।

हुबेई प्रान्तमा बिहीबार ४११ व्यक्तिमा कोरोना भाइरसका नयाँ सङ्क्रमित देखिएको पुष्टि गरेको थियो तर केही समयपछि कारागारमा देखिएको सङ्ख्यासहित ६३१ जनामा सो भाइरसको सङ्क्रमण देखिएको जानकारी दिइएको छ।

यस प्राणघातक भाइरसका कारण चीनको जनजीवन झन्भन्दा झन प्रभावित हुदै गएको बताइएको छ। यहाँका विद्यालयहरु बन्द छन् भने बाहिर कतैबाट बेइजिङ पुगेका चिनियाँ नागरिकलाई पनि कम्तीमा पनि १४ दिन क्वारेन्टाइनमा बस्न भनेको छ।

त्यसैगरी बिहीबार नयाँ ठाउँका दुई नयाँ अस्पतालमा यस सङ्क्रमणका बिरामी देखिएपछि बेइजिङले पनि थप सतर्कता अपनाउनुपर्ने भनेको छ।

बेइजिङका फक्सिङ अस्पतालका ३६ जना बिरामी भेटिएका छन् भने त्यहाँ उपचारमा कार्यरत केही स्वास्थ्यकर्मी पनि बिरामी परेका छन्। ती स्वास्थ्यकर्मीका परिवारका सदस्यमा पनि यसको सङ्क्रमण देखिएको बताइएको छ।

# अन्तरबिद्यालय क्रिकेटका फाइनमा म्याक्सेल र शिब्स भिड्दै



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

राजबिराजमा संचालित अन्तरबिद्यालय क्रिकेट प्रतियोगिताको फाइनल खेल म्याक्सेल र शिब्स बोर्डिङ स्कुलबीच हुने भएको छ ।

प्रतियोगिताको शुक्रबार सम्पन्न सेमिफाइनल खेलहरुमा म्याक्सेलले केअ माबिलाई ८ विकेट तथा शिब्सले दुर्गालाई १७ रनले पराजित गर्दै फाईनलमा स्थान बनाउन सफल भएको छ ।

सम्पन्न पहिलो खेलमा केअले निर्धारित २० ओभरको खेलमा १९ ओभर १ बल खेलेर सबै बिकेट गुमाई ६० रनको झिनो स्कोर बनाएको थियो । जसमा संतोष मण्डल १४ र सितल परियारले ११ रन बनाउन सफल भएका थिए ।

यता बलिङ तर्फ म्याक्सेलका असन जमालले ३, मोहम्मद सकिम र धिरेन्द्र साहले २/२ बिकेट हात पारेका थिए भने उमेशचन्द्र साह र संजित साहले १/१ बिकेट लिएका थिए ।

जवाफमा म्याक्सेल स्कुल राजबिराजले १२.४ ओभरमा २ बिकेट गुमाई लक्ष्य पार गरेको थियो । जसमा टिमका लागी पंन्चज यादबले २९ रन अविजित र केशव साहले १२ रन जोडेका थिए ।

सो खेलमा म्यान अफ द म्याच म्याक्सेलका असन जमाल घोषित भएको आयोजक समितिका संयोजक संतोष यादब जानकारी दिएका छन ।

***तीन सय ...***

बोलबमको नारा सहित काँवर बोकेर शिव मन्दिर पुगी जल चढाएका छन् । उनीहरु अघिल्लो दिन राती नै सप्तकोशी नदीमा पुगी त्यहाँबाट जल बोकेर मध्यराती पैदलै हिडेका थिए ।

शिवरात्रीको अवसरमा हरनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा जिल्ला प्रहरी कार्यालय, राजविराज जेसिज, सुर्या लाईफ ईन्स्योरेन्स, एनसि ईन्जिरिङ्ग कन्सलटेन्सी, ग्रिन नेपाल, मिलन डेरी, ओपन नौलेज फर्मल लगायतका कार्यालय र संघ संस्थाले निशुल्क खानेपानी, दुध, बेलपत्र लगायतका प्रसाद सामग्री वितरण गरेका थिए ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : २००१ स्व. २०७६ माघ २९

**स्व. गंगाई दास**

नेपाल कथबनिया सेवा समाज केन्द्रिय कार्य समिति सदस्य तथा मिडिया सहसंयोजक जिवछ दासका पुज्जनीय पिता **गंगाई दास**को २०७६ माघ २९ गते भएको निधनले हामी स्तब्ध छौं । दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल कथबनिया सेवा समाज**
**जिल्ला कार्य समिति सप्तरी**

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. कौशिला देवी**

नेपाल कथबनिया सेवा समाज केन्द्रिय उपाध्यक्ष राजकुमार चौधरीकी ममतामय माता **कौशिला देवी**को २०७६ माघ २८ गते भएको निधनले हामी स्तब्ध छौं । दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल कथबनिया सेवा समाज**
**जिल्ला कार्य समिति सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*